**नीति जेविवि-आर-उत्पीडन सम्वन्धी उजुरीहरु माथि अनुसन्धान गर्नका लागि कार्यविधिहरु**

**१. जाहेरी दिने कार्यविधिहरु**

कुनै पनि विद्यार्थीलाई विद्यार्थीवाट, शिक्षकवाट, प्रशासकवाट वा स्कूल डिस्ट्रिक्टका अन्य कर्मचारीका वा अवलोकनमा सहभागी भैरहेको अन्य कुनै व्यक्तिवाट वा स्कूल डिस्ट्रिक्टको तत्वाबाधानमा भएका खेलकूद समारोहहरु वा अतिरिक्त क्रियाकलापहरु लगायतका अन्य किसिमका क्रियकलापहरुमा संलग्न भएको अन्य व्यक्तिवाट आफु यौन उत्पीडनको शिकार भएको लागेमा वा जाति वा वर्ण, मुल राष्ट्रियता, यौनिक अभिमुखन, अशक्तता वा धर्मको आधारमा आफुलाई सताइएको छ भन्ने लागेमा यस नीतिद्धारा तोकिएको स्कूल डिस्ट्रिक्टको उपयुक्त अधिकारी समक्ष उक्त कथित कार्यहरुको जाहेरी तुरुन्त दिनका लागि प्रोत्साहित गरिन्छ ।

विद्यार्थीद्धारा, शिक्षकद्धारा, प्रशासकद्धारा वा स्कूल डिस्ट्रिक्टको अन्य कर्मचारीद्धारा वा अवलोकनमा सहभागी भै रहेको अन्य कुनै व्यक्तिद्धारा  वा स्कूल डिस्ट्रिक्टको तत्वावधानमा भएका खेलकुद समारोहहरु वा अतिरिक्त क्रियाकलापहरु लगायतका अरु किसिमका क्रियाकलापहरुमा संलग्न भएको अन्य व्यक्तिद्धारा यस्तो किसिमको उत्पीडनको शिकार विद्यार्थी भएको छ वा शिकार भएको हुन सक्ने छ भन्ने सूचना पाएको वा पाउने कुनै पनि शिक्षकले, प्रशासकले वा विद्यालयका अन्य अधिकृतले उक्त कथित कार्यहरुको जाहेरी यस नीतिद्धारा तोकिए स्कूल डिस्ट्रिक्टको उपयुक्त अधिकारी समक्ष तुरुन्त दिनुपर्दछ ।

विद्यार्थी यौन उत्पीडनको शिकार भएको छ वा शिकार भएको हुन सक्नेछ वा उसलाई माथि उल्लेख गरिए वमोजिम यौन आधारित उत्पीडन भएको छ वा उत्पीडन भएको हुन सक्ने छ भन्ने कुराको थाहा पाउने वा यसको विश्वास लाग्ने कुनै पनि व्यक्तिले उक्त कथित कार्यहरुको जाहेरी यस नीतिद्धारा तोकिएको स्कूल डिस्ट्रिक्टको उपयुक्त अधिकारी समक्ष तुरुन्त दिनका लागि उनलाई प्रोत्साहित गरिन्छ ।

जाहेरी दिने पक्षलाई वा उजुरकर्तालाई प्रत्येक भवनमा रहने प्राचार्यवाट उपलब्ध हुने वा टाइटल ९ अधिकृतवाट उपलब्ध हुने जाहेरी फारामलाई प्रयोग गर्न प्रोत्साहित गरिन्छ तर मौखिक रुपमा गरिने जाहेरीलाई समेत उजुरको रुपमा मानिने छ । रीतपूर्वकको जाहेरी फारामको प्रयोग गर्नुपर्ने कुरालाई वाध्यात्मक गरिएको छैन । यस नीतिमा भएको कुनै पनि कुराले कुनै पनि व्यक्तिलाई उत्पीडन सम्वन्धी जाहेरी टाइटल ९ अधिकृत वा सुपरिन्टेन्डेन्टलाई सीधै दिनवाट रोक्ने छैन ।

क. प्रत्येक विद्यालयको भवनमा । भवनको तहमा उत्पीडन सम्वन्धी जाहेरी मौखिक वा लिखित रुपमा वुझीलिने मुख्य जिम्मेवार व्यक्ति उक्त भवनका प्राचार्य हुन्छन् । विद्यालयमा भएको उत्पीडन सम्वन्धी जाहेरी वुझेर लिने स्कूल डिस्ट्रिक्टका कुनै पनि वयस्क कर्मचारीले सो कुराको जानकारी भवनका प्राचार्यलाई तुरुन्छ दिनुपर्नेछ ।

जाहेरी प्राप्त भएपछि उक्त कुराको जानकारी टाइटल ९ अधिकृतलाई प्राचार्यले गराउनु पर्दछ जस्ले उजुरी माथि गरिने अनुसन्धानको समन्वय गर्नेछन् । यदि उक्त उजुरीमा प्राचार्यलाई मुछिएको भए उक्त जाहेरी सीधै टाइटल ९ अधिकृतलाई वा सुपरिन्टेन्डेन्टलाई दिनुपर्ने छ ।

ख. डिस्ट्रिक्टव्यापी । विद्यार्थीहरुलाई सताइएको कुराको जाहेरीहरु वा उजुरीहरु माथि उल्लेख गरिए वमोजिम भवनका प्राचार्यवाट वा अन्य व्यक्तिवाट वुझेर लिने काम गर्ने जिम्मेबारी विद्यालय समिति (स्कूल वोर्ड) ले टाइटल ९ अधिकृतलाई सुम्पेको छ । केन्द्रिय कार्यालयहरु मध्येको कुनै पनि कार्यालयमा उत्पीडन सम्बन्धी जाहेरी वुझेर लिने स्कूल डिस्ट्रिक्टको वयस्क कर्मचारीले सो कुराको जानकारी टाइटल ९ अधिकृतलाई तुरुन्त दिनुपर्नेछ । यदि उजुरीमा टाइटल ९ का अधिकृत मुछिएका भए उक्त उजुरीलाई सीधै सुपरिटेन्डेन्ट कहाँ दर्ता गरिनुपर्नेछ ।

ग. स्कूल डिस्ट्रिक्टले उत्पीडिन र हिंसा विरुद्धको यस नीतिको साराँशलाई तथा टाइटल ९ अधिकृतको नामलाई प्रत्येक विद्यालयमा डिस्ट्रिक्टले कायम गरेको प्रत्येक केन्द्रिय कार्यालयमा, शिक्षकहरुको, प्रशासकहरुको र अन्य कर्मचारीहरुको पहुँच हुने ठाँउमा सुस्पष्ट वुझिने गरी टास्नुपर्नेछ । यसको अतिरिक्त, यस नीतिलाई इन्टरनेटमा पनि स्कूल डिस्ट्रिक्टको वेवसाइटमा राखिने छ । प्रत्येक विद्यालयमा प्राचार्यको कार्यालयमा तथा मानव संसाधन विभागमा पनि यस्का प्रतिहरु उपलब्ध हुन्छन् ।

घ. अनुसन्धान गर्ने उपयुक्त कार्यवाही गर्न तथा पत्ता लागेको कुनै कुरालाई पुष्टी गर्न वा दायित्वहरुको खुलासा गर्ने स्कूल डिस्ट्रिक्टलाई भएको कानुनी दायित्वहरुसंग तादत्म्यता हुने गरी स्कूल डिस्ट्रिक्टले उजुरकर्ताको, जस्को विरुद्ध उजुर हालिएको छ, ती व्यक्तिहरुको तथा साक्षीहरुको गोपनीयतालाई सम्भव भए सम्म आदर गर्नेछ ।

**२. अनुसन्धान तथा सिफारिश**

प्रतिवन्धित गरिएको उत्पीडन भएको भनी दोषारोपण गर्दै दिइएको जाहेरी वा उजुरी प्राप्त भए पछि टाइटल ९ अधिकृतले शीघ्रताका साथ त्यस्को अनुसन्धान गर्नेछन् वा अनुसन्धान गर्ने अधिकार दिनेछन् ।

उजुरकर्तासंग, जस्को विरुद्ध उजुर हालिएको छ, सो व्यक्तिसंग तथा कथित घटनाको जानकारी भएका अरुहरुसंग व्यक्तिगत अन्तरवार्ता लिने काम वा उजुर गर्नका लागि बनेको परिस्थितिको अन्वेषण अनुसन्धानमा पर्न सक्ने छ । खास दोषारोपणहरुसंग सान्दर्भिक हुन सक्ने अन्य जानकारी वा दस्तावेजहरुको मूल्याँकन गर्ने काम पनि अनुसन्धानमा पर्न सक्ने छ ।

कथित आचारण यस नीतिको उलंघन वन्न सक्छ कि सक्दैन भन्ने कुराको ठहर गर्नका लागि स्कूल डिस्ट्रिक्टले निम्न कुराहरुलाई विचार गर्नेछ :

- घटनाहरुको प्रकृति र सन्दर्भ
- कथित उत्पीडनको समयान्तर अवधि, पटकहरु, गम्भीरता तथा परिधि

- संलग्न भएका पक्षहरु वीचको नातासम्वन्ध
- लिङ्ग, जाति, वर्ण, यौनिक अभिमुखन, मुल, राष्ट्रिय, अशक्तता, धर्म र/वा पीडितको उमेर

कुनै खास कार्य वा घटना यस नीतिको उलंघन वन्न जान्छ कि जादैन भन्ने कुरा सवै तथ्यहरुको आधारमा र वरिपरिको वातावरणको आधारमा निर्धारण गर्नु आवश्यक पर्दछ ।

अनुसन्धानको काम सम्पन्न गरेपछि टाइटल ९ अधिकृत वा उनले तोकेको व्यक्तिले त्यस्को लिखित प्रतिवेदन सुपरिटेन्डेन्टलाई दिनुपर्दछ । यदि उजुरीमा सुपरिटेन्डेन्ट पनि मुछिएका छन् भने उक्त प्रतिवेदन सीधै विद्यालय समीति (स्कूल वोर्ड) लाई दिन सकिने छ । उक्त दोषारोपणहरुलाई तथ्यगत रुपमा सावित गरिएको छ छैन भन्ने कुरा तथा ती दोषरोपणहरु यस नीतिको उलंघनको रुपमा देखिन्छन् कि देखिदैनन् भन्ने कुराको ठहर उक्त प्रतिवेदनमा समावेश हुनेछ ।

**३. स्कूल डिस्ट्रिक्टले गर्ने कार्यवाही**

क. टाइटल ९ अधिकृत वा उनले तोकेको व्यक्तिले अनुसन्धानको नतिजा तथा आफ्नो निष्कर्षको नतिजा स्वरुप स्कूल डिस्ट्रिक्टले चाल्न लागेको कुनै कदमहरुको वारेमा उजुरकर्तालाई तथा कथित उत्पीडकलाई सूचित गर्नेछन् । तथ्यांकको गोप्यता र अभिलेखहरुको गोप्यता सम्वन्धी राज्यको कानुनहरुसंग र संघीय कानुनसंग तथा कथित पीडकको अधिकारसंग तादतम्यता राख्ने गरी स्कूल डिस्ट्रिक्टले यस जानकारीलाई सार्वजनिक गर्नेछ ।

ख. उल्लंघन भएको हो भन्ने प्रतिवेदन प्राप्त गरेपछि त्यसलाई सम्वोधन गर्न स्कूल डिस्ट्रिक्टले शीघ्र नै उपयुक्त औपचारिक वा अनौपचारिक कार्यवाही गर्नेछ तथा पीडकलाई उपयुक्त सहायता प्रदान गर्ने लगायत, उलंघन वापत जे जस्तो उपयुक्त हुन्छ सो अनुसारको उपचार अवलम्वन गर्ने छ । यदि कथित उत्पीडक अर्को विद्यार्थी भएमा, निजलाई गरिने उपयुक्त कार्यवाहीहरु भित्र तर यिनीहरुमा मात्र सीमित नहुने गरी, परामर्श दिने, सचेतना तालिम दिने, आमावावु–शिक्षकहरुको सम्मेलनहरु गर्ने, चेतावनी दिने, निस्काशन गर्ने, स्थानान्तरण गर्ने र उपचार सम्वन्धी कुरा गर्ने काम पर्न सक्दछन् । यदि कथित उत्पीडक स्कूल डिस्ट्रिक्टको कर्मचारी भएमा निजलाई गरिने उपयुक्त कार्यवाहीहरुमा, तर यिनीहरुमा मात्र सीमित नहुने गरी, चेतावनी दिने, निलम्वन गर्ने वा तुरुन्त वर्खास्त गर्ने कार्यहरु पर्न सक्ने छ । कुनै पनि स्कूल डिस्ट्रिक्टले यस नीति वमोजिम गर्ने कार्यवाही प्रयोज्य सामुहिक मोलतोल गराइ सम्वन्धी सम्झौता, राज्यको ऐनकानुनहरु तथा स्कूल डिस्ट्रिक्टको नीतिहरुले तोकेको आवश्यकताहरुसंग तादतम्यता राखी गरिने छ । उत्पीडनलाई समाप्त गर्न र यसको पुनरावर्तनलाई रोक्न स्कूल डिस्ट्रिक्टले आफूले आवश्यक र उपयुक्त ठानेको कार्यवाही गर्नेछ ।

**४. प्रतिशोध नलिइने**

असल विश्वासका साथ पेश गरिएको उत्पीडन सम्वन्धीकर्ताको उजुरीले वा जाहेरीले, उजुरीकर्ताको वा जाहेरकर्ताको भविष्यको रोजागारीलाई, काम गर्ने वातावरणलाई, निजलाई सुम्पिइने कामहरुलाई पठनपाठनको वातावरणलाई, ग्रेडहरुलाई असर गर्ने छैन ।

कथित यौन उत्पीडन वा हिंसाको घटनाको जाहेरी दिने कुनै पनि व्यक्ति वा त्यस्तो उत्पीडन वा हिसाँसंग सम्वन्धित कुरामा संचालन गरिने कार्यवाहीको प्रकृयामा, अनुसन्धानमा वा सुनुवाइमा साक्षी वस्ने, सहयोग गर्ने वा सहभागी हुने कुनै पनि व्यक्ति माथि प्रतिशोध लिने कुनै विद्यार्थी, शिक्षक, प्रशासक वा विधालयका अन्य कर्मचारी माथि स्कूल डिस्ट्रिक्टले अनुशासनात्मक कार्यवाही वा अन्य उपयुक्त कार्यवाही गर्नेछ । प्रतिशोधभित्र, तर यसमा मात्र सीमित नहुने गरी, कुनै किसिमको धाकधम्की, वदला वा उत्पीडनको कार्य पर्दछन् ।

**५. उत्पीडन नमानिने**

स्कूल डिस्ट्रिक्टले मान्यता राख्दछ कि यौनजन्य प्रकृतिको कामको प्रत्येक अग्रसरता वा आचरण यौन उत्पीडन वन्दैन । कुनै खास कामकार्यवाही वा घटना विभेदपूर्ण प्रभाव विनाको व्यक्तिगत, समाजिक सम्वन्ध हो होइन भन्ने कुराको ठहर सम्पूर्ण तथ्यहरु र वरपरको परिवेशहरुको आधारमा गर्नु आवश्यक छ । त्यसै गरी जाति, वर्ण, मुल राष्ट्रियता, यौनिक अभिमुखन अशक्तता वा धर्मसंग सम्वन्धित सवै आचरण प्रतिवन्धित उत्पीडनको तहमा पुग्दैन । फेरिपनि उत्पीडन भयो भएन भन्ने कुराको निक्यौल गर्ने काम वरपरका सम्पूर्ण परिवेशहरुमा निर्भर गर्दछ ।

**६. उजुरीगर्ने वैकल्पिक प्रकृयाहरुको अधिकार**

यी प्रकृयाहरुले कुनै व्यक्तिको शरण लिन अन्य वाटोहरु अपनाउने पाउने अधिकारहरुलाई इनकार गर्दैन ।

**७. यौन दुर्व्यवहारहरुको रुपमा यौन उत्पीडन**

कुनै खास परिस्थितिहरुमा यौन उत्पीडन राज्यको ऐन कानुनहरु अन्तरगत यौन दुर्व्यवहार वन्दछ । यस्तो परिस्थितिहरुमा राज्यको कानुनले जाहेर दिनका लागि तोकेको आवश्यकताहरुलाई स्कूल डिस्ट्रिक्टले परिपालन गर्ने छ तथा स्कूल डिस्ट्रिक्टको नीति अन्तरगतको वालदुर्व्यवहार सम्वन्धी कार्यविधिहरु अपनाउने छ ।

**८. पूनरावेदन गर्ने प्रकृया**

यदि अनुसन्धान वा सिफारिश गरिएको उपचार एवं नतिजामा उजुरकर्ता असन्तुष्ट भएमा उक्त कुरालाई पुनरावलोकन गरिदिनका लागि सुपरिटेन्डेन्टलाई वा सुपरिटेन्डेन्टले तोकेको व्यक्तिलाई उजुरकर्ताले अनुरोध गर्न सक्नेछन् । पुनरावलोकनको लागि गरिने यस्तो अनुरोधमा पुनरावेदनको लागि अनुरोध गर्नाको खासकारणहरु किटिएको हुनुपर्दछ र अनुसन्धानकर्ताले आफ्नो निर्णय दिएको पाँच कार्यदिनभित्र यो अनुरोध सुपरिटेन्डेन्ट कहाँ दर्ता हुनु पर्दछ, सुपरिटेन्डेन्टले वा

सुपरिटेन्डेन्टले तोकेको व्यक्तिले आफूलाई उपयुक्त लागे अनुसार थप अनुसन्धान कार्य संचालन गर्न सक्नेछन् । सुपरिटेन्डेन्ट वा उनले तोकेको व्यक्तिले पुनरावलोकान गर्ने काम समाप्त गरेपछि आफ्नो निर्णय लिखित रुपमा जारी गर्नेछन् ।

सुपरिटेन्डेन्टको वा सुपरिन्टेडेन्टले तोकेको व्यक्तिको निर्णय अन्तिम हुनेछ ।

अङ्गिकार गरिएको : मार्च ६, १९९७

संशोधन गरिएको :     फ्रेब्रुवरी १८, १९९९

संशोधन गरिएका : जुन १६, २०००

संशोधन गरिएको : जुन २०, २००२

कानुनी सन्दर्भहरु : १९७२ को शिक्षा संशोधनहरुको टाइटल ९, यु.एस.सी खण्ड १६८१ र तपसिल १९६४ को नागरिक अधिकार ऐनको टाइटल ७ ४२ यु. एस. सी खण्ड २००० डी र तपसिल अशक्तता भएका अमेरिकीहरु सम्वन्धी ऐनको
टाइटल २, ४२ यु. एस. सी खण्ड १२१०१ र तपसिल
१९७३ को पुनरवास ऐनको खण्ड ५०४